नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन गरी कारवाही सम्बन्धी विवरण

यस विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढीबाट मिति २०८३/०३/२१ गते कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री मदन कोइराला तथा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका वरिष्ठ उपरीक्षक श्री नेत्रमणी गिरीको नेतृत्वको प्रहरी टोली सहितको संयुक्त अनुगमनबाट कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका स्थित होटल, मिठाइ पसल, फास्ट फुड तथा उद्योगहरुको स्थलगत अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिल उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागी यो विवरण जारी गरिन्छ।

| क्र.स. | खाद्य ब्यवसायको नाम | अनुगमन गर्दाको अवस्था | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | महेन्द्रनगर बर्गर हाउस एण्ड क्रन्ची फ्राइड चिकेन, भीमदत्त न.पा.-१८, कञ्चनपुर | • तेलको TPM भ्यालु १०.६ (२५ भन्दा कम हुनुपर्ने) भई मापदण्ड अनुकूल पाइएको<br>• पुरानो कोतरिएको प्लाष्टिकको चपिङ्ग बोर्डको प्रयोग गर्ने गरेको<br>• भाँडा सफा गर्ने स्थान र भान्सा सँगै रहेको। | • उत्पादन स्थलको सरसफाइ गर्न निर्देशन दिइएको<br>• चार (४) थान चपिङ्ग बोर्ड जफत/नष्ट गरिएको, काठको चपिङ्ग बोर्ड प्रयोग गर्न निर्देशन दिइएको<br>• भान्सा कोठा र भाँडा धुने स्थान बीच पन्ध्र (१५) दिन भित्र बार लागाई पर्टिसन गर्न निर्देशन दिइएको। |
| २. | गंगोत्री फुड भिमदत्त न.पा.-६, कञ्चनपुर | • तेलको TPM भ्यालु २१ (२५ भन्दा कम हुनुपर्ने) पाइएको भई मापदण्ड अनुकूल पाइएको<br>• खाद्य पदार्थको सिधा सम्पर्कमा आउने गरी लेबल राखेको बिस (२०) प्याकेट पाउरोटी, उपभोग्य मिति सकिएको तिन (३) प्याकेट नमकिन पाइएको<br>• कोतरिएको प्लाष्टिकको चपिङ्ग बोर्डको प्रयोग गर्ने गरेको। | • उपभोग्य मिति सकिएको रु. १,०००/- बराबरको खाद्य पदार्थ नष्ट गरिएको<br>• एक (१) थान चपिङ्ग बोर्ड जफत तथा नष्ट गरिएको र काठको चपिङ्ग बोर्ड प्रयोग गर्न निर्देशन दिइएको। |
| ३. | भाट नास्ता पसल, भिमदत्त न.पा.-५, कञ्चनपुर | • कृतिम रंगको प्रयोग गरी अन्दाजी पन्ध्र (१५) के. जी. चिकेन रोष्ट तयार गरेको पाइएको | • अन्दाजी पन्ध्र (१५) के. जी. रु. १२,०००/- बराबरको चिकेन रोष्ट नष्ट गरिएको |

| | | | |
|---|---|---|---|
| | | • अचार/ससमा कृतिम रंग राखी पकाएको पाइएको<br>• सरसफाइमा ध्यान नदिएको। | • अन्दाजी १७ के. जी. रु. ३,४००/- बराबर अचार नष्ट गरिएको<br>• तिन (३) डब्बा रु. ३००/- बराबरको कृतिम रंग नष्ट गरिएको<br>• पाँच (५) लिटर रु. १,२००/-बराबरको तेल नष्ट गरिएको। |
| ४. | जोशी चाउमिन सेन्टर, भिमदत्त न.पा.-५, कञ्चनपुर | • निरीक्षण गर्दा सरसफाइको अवस्था सामान्य रहेको पाइएको। | |
| ५. | ठगुन्ना चाउमिन सेन्टर भिमदत्त न.पा.-५, कञ्चनपुर | • निरीक्षण गर्दा सरसफाइको अवस्था सामान्य रहेको पाइएको। | |
| ६. | गोपाल गोरस भण्डार, भिमदत्त न.पा.-४, कञ्चनपुर | • मिठाई खुल्ला रुपले भण्डारण गर्ने गरिएको<br>• उत्पादन कक्ष फोहर रहेको पाइएको<br>• उत्पादन कक्षमा सुत्ने ओछ्यान राखिएको। | • प्रशोधन कक्ष व्यवस्थित गर्न र भुइँमा टायल राख्न निर्देशन दिइएको<br>• ऐन बमोजिम खाद्य नमूनाहरु संकलन गरिएको। |
| ७. | गोपाल जी पाठक डेरी भिमदत्त न.पा.-४, कञ्चनपुर | • निरीक्षण गर्दा सरसफाइको अवस्था सामान्य रहेको। | |
| ८. | गुड्डु स्वीट एण्ड डेरी भिमदत्त न.पा.-४, कञ्चनपुर | • तयारी मिठाई खुल्ला रुपले भण्डारण गर्ने गरिएको<br>• उत्पादन कक्षमा सुत्ने ओछ्यान राखिएको। | • उत्पादन कक्ष व्यवस्थित गरी तार जाली लगाउन एक महिनाको समय दिइएको। |
| ९. | जोशी चाउमिन, भिमदत्त न.पा.-४, कञ्चनपुर | • सरसफाइमा ध्यान नदिइएको। | • पकाउने स्थानको सरसफाइ गर्न निर्देशन दइएको। |
| १०. | जोशी चाउमिन सेन्टर, भिमदत्त न.पा.-४, कञ्चनपुर | • सरसफाइमा ध्यान नदिइएको। | • पकाउने स्थानको सरसफाइ गर्न निर्देशन दिइएको। |
| ११. | ठकुराठी चाउमिन सेन्टर, भिमदत्त न.पा.-४, कञ्चनपुर | • सरसफाइमा ध्यान नदिइएको। | • पकाउने स्थानको सरसफाइ गर्न निर्देशन दिइएको। |
| १२. | पुरानो फेमस ठकुराठी चाउमिन सेन्टर, भिमदत्त न.पा.-४, कञ्चनपुर | • सरसफाइमा ध्यान नदिइएको। | • पकाउने स्थानको सरसफाइ गर्न निर्देशन दिइएको। |
| १३. | न्यू शिवानी स्वीट हाउस, भिमदत्त न.पा.-५, कञ्चनपुर | • तेलको TPM भ्यालु ५.६ (२५ भन्दा कम हुनुपर्ने) पाइएको भई मापदण्ड अनुकूल पाइएको | • मिठाई पसल सरसफाइ नगरुञ्जेल सम्मका लागि सिलबन्दी गरिएको |

| | | | |
|---|---|---|---|
| | | • खानेकुरा पत्रिकामा राखेको पाइएको<br>• उत्पादन स्थल फोहर भएको<br>• उत्पादित मिठाईहरुमा साङ्गला पाइएको। | • गुलाबजामुन/रसबरी/बर्फी/बालुसाही गरी करिब सत्तरी (७०) के. जी. रु. ४९,०००/-बराबरको नष्ट गरिएको<br>• दश (१०) के. जी. चास्नी रु. १,०००/- बराबरको नष्ट गरिएको। |
| **अनुगमन गरीएको खाद्य व्यवसाय संख्याः तेह्र (१३) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२२

## अनुगमनका केहि झलकहरु







